# स्थानीय राजपत्र

भरतपुर महानगरपालिकाद्वारा प्रकाशित

खण्डः ९, संख्याः ३, मितिः २०८२/०९/१४

## भाग–१

## भरतपुर महानगरपालिका होम स्टे (घरबास) सञ्चालन तथा व्यवस्थापन (कार्यविधि सम्वन्धी) ऐन, २०८२

# भरतपुर महानगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन

बागमती प्रदेश, नेपाल

# भरतपुर महानगरपालिका होम स्टे (घरबास) सञ्चालन तथा व्यवस्थापन (कार्यविधि सम्वन्धी) ऐन, २०८२

नगर सभाबाट पारित मितिः २०८२/०९/०८

प्रमाणीकरण मितिः २०८२/०९/१४

**प्रस्तावनाः**

भरतपुर महानगरपालिका क्षेत्रका स्थानीय बासिन्दाहरूमा स्वरोजगारको अवसर सिर्जना हुने तथा आम्दानी वृद्धिको माध्यमबाट जीवनस्तरमा सुधार ल्याउने महानगरपालिका भित्रका स्थानीय पर्यटन पूर्वाधारको दिगो विकास गर्ने, ग्रामीण पर्यटनको माध्यमबाट विपन्न महिला, आदिवासी जनजाति, दलित र सीमान्तकृत समुदाय समेतको संलग्नता रहने गरी भरतपुर महानगरबासीहरूले पर्यटन व्यवसायबाट प्राप्त हुने लाभलाई त्यस्ता समुदायका विपन्न नागरिकहरूको पहुँचभित्र ल्याउने संरचना निर्माण र विकास गर्ने पर्यटन नीति २०८२ अनुसार भरतपुर महानगरपालिकाले पर्यटनको विकास, प्रवर्धन र व्यवस्थापन गर्न बाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम यो ऐन जारी गरिएको छ।

## परिच्छेद -१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नामः भरतपुर महानगरपालिका होम स्टे (घरबास) सञ्चालन तथा व्यवस्थापन (कार्यविधि सम्वन्धी) ऐन, २०८२ रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषाः**

(१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा उल्लिखित शव्दावलीहरूलाई देहाय बमोजिम परभाषित गरिनेछ।

(क) "होम स्टे" भन्नाले पर्यटकलाई आवास, खाना र अन्य सेवा प्रदान गर्ने उद्धेश्यले आफ्नै घर समुदायमा निजी वा सामूहिक रूपमा सञ्चालन गरिएको सेवा सम्झनु पर्छ।

(ख) “महाशाखा” भन्नाले भरतपुर महानगरपालिकाको आर्थिक विकास महाशाख सम्झनुपर्छ।

(ग) “शाखा” भन्नाले भरतपुर महानगरपालिकाको संस्कृति, पर्यटन तथा सम्पदा संरक्षण शाखा सम्झनुपर्छ।

(घ) “महानगरपालिका” भन्नाले भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ।

(ङ) “स्थानीय तह” भन्नाले होम स्टे सञ्चालन हुने भरतपुर महानगरपालिका तथा सो अन्तर्गतका सम्पूर्ण वडा कार्यालयहरूलाई समेत जनाउनेछ।

(च) “होम स्टे व्यवस्थापन समिति” भन्नाले दफा ९ को उपदफा (१) बमोजिम गठन भएको समिति सम्झनु पर्छ।

(छ) “होम स्टे इकाई” भन्नाले “होम स्टे सञ्चालन गर्न व्यवस्थापन समिति अन्तर्गत रहेका प्रत्येक घर सम्झनु पर्छ।

(ज) "कार्यपालिका" भन्नाले भतरपुर महानगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले भतरपुर महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(ञ) “सञ्चालक वा व्यवस्थापन समिति” भन्नाले सामुदायिक होम स्टे सञ्चालन तथा व्यवस्थापन समितिलाई सम्झनुपर्छ।

(ट) “महानगरवासी” भन्नाले भरतपुर महनगरपालिका अन्तर्गतका सवै वडाहरूमा बसोवास गर्ने आम नागरीकलाई बुझाउनेछ।

## परिच्छेद-२
## उद्देश्य तथा वर्गीकरण

**३. उद्देश्य :**

(१) होम स्टे सञ्चालनका मुख्य उद्धेश्यहरू देहाय बमोजिम हुनेछन्।

(क) होम स्टे सञ्चालन गरी पर्यटन क्षेत्रको प्रतिफल महानगरपालिका भित्रका विभिन्न समुदायमा पुऱ्याउने।

(ख) होम स्टे सञ्चालन गरी महानगरवासीलाई पर्यटन सेवामा सहभागी गराउने ।

(ग) होम स्टे सञ्चालन गरी महानगरवासीको आयश्रोत बृद्धि गरी जीवनस्तर उकास्ने ।

(घ) होम स्टे सञ्चालनलाई महानगरवासीलाई स्थानीय स्तरमा स्वरोजगार विकासको रणनीतिको रूपमा उपयोग गर्ने ।

(ङ) होम स्टे सञ्चालन गरी पर्यटकलाई महानगरवासीका विभिन्न जातीको जनजीवन साथै संस्कृतिका बारेमा जानकारी दिने ।

(च) होम स्टे मार्फत पर्यटकलाई नेपाली जन जीवन, रितिरिवाज, कला संस्कृति र रहन सहन लगायतका सम्पदाहरूको उत्कृष्ट अनुभव हासिल गर्ने मौका प्रदान गर्ने ।

(छ) स्थानीय साना उद्योग तथा उद्यमीहरूबाट उत्पादित कलात्मक कोशेलीहरू बिक्रीवितरण गरी आय वृद्धि गर्ने ।

४. **होम स्टेको वर्गीकरणः** सामूहिक व्यवस्थापन गरी विभिन्न क्षेत्रमा सञ्चालनमा रहेको होम स्टेलाई सामुदायिक होम स्टे र अन्य क्षेत्रमा कुनै व्यक्तिले एकल रूपमा दर्ता गरी निजी स्तरमा सञ्चालित होम स्टेलाई निजी होम स्टेको रूपमा वर्गीकरण गरिएको छ ।

## परिच्छेद-३

## होम स्टे दर्ता प्रकृया तथा मापदण्ड

५. **होम स्टे दर्ताका लागि न्यूनतम मापदण्डहरूः**

(१) होम स्टे दर्ताका लागि देहाय बमाजिमका न्यूनतम मापदण्ड पूरा गर्नु पर्नेछ :

(क) पाहुनाको लागि हरेक घरमा कम्तीमा एक कोठा र दुई बेड भएको हुनुपर्ने र बढीमा चारकोठा र आठ बेड मात्र राख्न पाइनेछ ।

(ख) शौचालय र स्नानगृहको अनिवार्य व्यवस्था भएको हुनुपर्नेछ।

(ग) घरायसी र वातावरणीय सर सफाईको राम्रो व्यवस्था हुनुपर्ने र फोहोरमैला व्यवस्थापनका लागि कुहिने तथा नकुहिने फोहर वर्गीकरणको छुट्टाछट्टै व्यवस्था भएको हुनुपर्नेछ ।

(घ) खानपानमा पुर्‍याएको सेवा, सुविधा, गुणस्तर तथा उपलब्ध गराइएको आवासमा रहेको सुविधाका आधारमा औचित्यपूर्ण मूल्य निर्धारण सहितको मुल्य सूचीको व्यवस्था भएको हुनुपर्नेछ।

(ङ) टेलिफोन/इन्टरनेटको सुविधा भएको हुनुपर्नेछ।

(च) सामुदायिक होम स्टेमा प्राथमिक उपचारको उचित प्रवन्ध भएको हुनुपर्नेछ।

(२) होम स्टे दर्ताको लागि आवश्यक अन्य मापदण्डहरू अनुसूची-२ बमोजिम हुनेछ।

**६. दर्ताका लागि निवेदन दिनेः**

(१) होम स्टे सञ्चालन गर्न चाहने व्यक्ति वा समुदायले देहाय बमोजिमका कागजात सहित अनुसूची-१ बमोजिमको ढाँचामा तोकिए बमोजिमको दस्तुर बुझाई भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा निवेदन दिनुपर्नेछ।

(क) सामुदायिक वा नीजि होम स्टे दर्ताका लागी सम्बन्धित वडा कार्यालयको सिफारिस।

(ख) नयाँ घर निर्माण गरेको भएमा तोकिएको मापदण्ड पूरा गरी महानगरपालिकाबाट लिइएको घर निर्माण सम्पन्न प्रमाणपत्र वा पुरानो घरको हकमा अभिलेखीकरण प्रमाणपत्र र चालु आ.व.सम्मको सम्पत्ति कर तिरेको रसिद।

(ग) जग्गा धनी प्रमाणपत्र वा पैतृक सम्पत्ति यकिन हुने प्रमाणपत्र वा मञ्जुरीनामा एवं भाडामा लिई सञ्चालन गरेकोभए नियमानुसार सम्झौताको प्रतिलिपि।

(घ) होम स्टे सञ्चालकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

(ङ) आन्तरिक राजश्व कार्यालयबाट लिएको स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि।

(च) सामुदायिक होम स्टेको हकमा न्यूनतम ५ देखि अधिकतम २५ घरधनीले आ-आफ्नो घरमा सामूहिक रूपमा हामस्टे सञ्चालन गर्न सहमत भएको लिखित प्रतिबद्धता सहित सम्बन्धित वडा

कार्यालयको सिफारिस।

(छ) पाँच भन्दा कम घरधुरीले एउटै समुदाय वा अलगरूपमा होम स्टे सञ्चालन गरेको भएता पनि त्यस्ता होम स्टे लाई नीजि होम स्टेको रूपमा दर्ता गरिने छ। पछि थप भई पाँच वा पाँच भन्दा बढि पच्चीस घरसम्म भएमा नियमानुसार सामुदायिक होम स्टेको रूपमा दर्ता गर्न कुनै वाधा पर्ने छैन।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि दफा २१ बमोजिम गठीत अनुगमन समितिले निरीक्षण गरि दफा-५ बमोजिमको मापदण्ड पूरा भए/नभएको विषयमा महानगरपालिकालाई १५ दिन भित्र प्रतिवेदन पेश गर्नुपर्नेछ। समितिले आफ्नो कामको सम्बन्धमा आवश्यकता अनुसार थप विज्ञहरूको समेत सहयोग लिन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको निरीक्षणबाट तोकिएको मापदण्द पूरा भएको प्रतिवेदनको आधारमा महानगरपालिकाले सात दिन भित्र नियमानुसार होम स्टे दर्ता गरी अनुसूची-४ बमोजिमको ढाँचामा होम स्टे सञ्चालन प्रमाणपत्र सम्बन्धित सञ्चालकलाई उपलव्ध गराउनेछ।

(४) मापदण्ड पूरा नगरेको हकमा आवश्यक सुधार गर्न समय दिई पुनः स्थलगत निरीक्षण गर्दा तोकिएको मापदण्ड पूरा गरेको पाइएमा दर्ता गरी अनुसूची-४ बमोजिम दर्ता प्रमाणपत्र प्रदान गरिनेछ।

(५) होम स्टे दर्ता एवं नवीकरण गर्दा लाग्ने दस्तुर भरतपुर महनगरपालिका चालु आ.व.को आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ।

**७. होम स्टेका प्रमुख पर्यटकीय क्रियाकलापहरूः**

(१) यस क्षेत्रमा सञ्चालन हुने सांस्कृतिक कार्यक्रम र क्रियाकलाप, परम्परागत खेलमा सहभागी गराउने, उपलब्ध हुने क्षेत्रमा जंगलट्रेक, इको ट्रेक तथा दृश्यावलोकनको कार्यक्रमको व्यवस्था गर्ने।

(२) उपदफा (१) बाहेक होम स्टेले देहाय बमोजिमको कार्यक्रमको आयोजना गर्नुपर्नेछः

(क) स्थानीय समुदाय, आदिवासी जनजातिको परम्परागत संस्कृति झल्कने पोशाक, सांस्कृतिक नाचगान तथा फुलमालाका साथ

पर्यटकको स्वागत गर्ने ।

(ख) पर्यटकहरूलाई सामुदायिक भवन वा खुला ठाउँमा मौलिक परम्परा वा सांस्कृतिमा आधारित सांस्कृतिक कार्यक्रमहरूको प्रस्तुति मेला, जात्रा जस्ता गतिविधिहरू आयोजना गरी सहभागी गराउने ।

(ग) सांस्कृतिक सम्पदा, संग्रालय, घरेलु तथा हस्तकला सामाग्री उत्पादन केन्द्र स्थल, दृश्यावलोकन, जंगल, वन्यजन्तु तथा चरा अवलोकन गर्ने एवम् जलपर्यटनका क्रियाकलापहरूमा सहभागी हुने व्यवस्था गर्ने ।

(घ) स्थानीय कृषि, घरेलु तथा हस्तकला प्रविधिमा सहभागी गराई पर्यटक तथा स्थानीय बासिन्दाबिच जीवनशैली, कला संस्कृति आदि विषयमा अनुभव तथा ज्ञानको आदान प्रदान गराउने ।

(ङ) पर्यटकको बिदाई गर्दा स्थानीय संस्कृति झल्कने मायाको चिनो सहित स्थानीय स्तरमा उपलव्ध फुलमाला एवं पर्यटकको ईच्छानुसार अबिर/केशरी लगाउन सकिने ।

**८. होम स्टे सञ्चालकले दर्ता पश्चात पूरा गर्नुपर्ने अन्य मापदण्डहरूः**

(१) होम स्टे सञ्चालकले दर्ता पश्चात पूरा गर्नुपर्ने अन्य मापदण्डहरू देहाय बमोजिम हुनेछन् :

(क) पर्यटकको स्वास्थ्य स्थितिको पूर्व जानकारी लिई सोही बमोजिमको खानपानको व्यवस्था मिलाउने ।

(ख) सामुदायिक होम स्टेको लागि यथासक्य सामुदायिक भवन वा भाडामा हलको व्यवस्था मिलाउने

(ग) हरेक वर्ष प्रचलित कानून बमोजिम मान्यताप्राप्त रजिष्टर्ड लेखापरीक्षकबाट लेखापरीक्षण गराउने र पर्यटकको तथ्याङ्क व्यवस्थित गरी राख्ने तथा वार्षिक रूपमा माग गर्ने कानूनी निकाय र महानगरपालिकाको संस्कृति पर्यटन तथा सम्पदा संरक्षण शाखामा अनिवार्य पेश गर्ने ।

(घ) प्रत्येक वर्षको पौष मसान्तसम्म आन्तरिक राजश्व अन्तर्गतका कार्यालयबाट करचुक्ता गर्नुपर्ने र करचुक्ता प्रमाणपत्र लिनुपर्ने ।

## परिच्छेद-४

## सामुदायिक होम स्टे सञ्चालन तथा व्यवस्थापन समिति तथा काम, कर्तव्य र अधिकार

**९. होम स्टे सञ्चालन तथा व्यवस्थापन समिति :**

(१) वार्षिक साधारण सभाबाट एक होम स्टे सञ्चालन तथा व्यवस्थापन समितिको नियुक्ति हुनुपर्नेछ। तर प्रथम बार्षिक साधारण सभा नभएसम्मको लागि निम्न बमोजिम अध्यक्ष तथा सदस्य रहेको तदर्थ कार्य समिति रहनेछ।

(क) होम स्टे सञ्चालक मध्येका सदस्यहरूबाट एक जना - अध्यक्ष

(ख) होम स्टे सञ्चालक मध्येका सदस्यहरूबाट एक जना - उपाध्यक्ष

(ग) होम स्टे सञ्चालक मध्येका सदस्यहरूबाट एक जना - कोषाध्यक्ष

(घ) होम स्टे सञ्चालक मध्येका सदस्यहरूबाट महिला सदस्य - सदस्य

(ङ) होम स्टे सञ्चालक मध्येका सदस्यहरूबाट एक जना सदस्य- सदस्य सचिव

(२) होम स्टेमा सहभागी हुने घर संख्याको आधारमा समावेशी हुने गरी समुदायले थप ६ जनासम्म सदस्यको चयन गर्न सक्नेछ जसमा महिला सदस्य कम्तिमा ३ जना अनिवार्य हुनुपर्नेछ। व्यवस्थापन समिति ५ देखी ११ जना सम्मको हुनेछ।व्यवस्थापन समितिको अध्यक्ष, उपाध्यक्ष र कोषाध्यक्ष मध्ये कम्तिमा एक जना अनिवार्य महिला हुनुपर्नेछ।

(३) आवश्यकता अनुसार सांस्कृतिक उपसमिति, स्वागत उपसमिति लगायतका उप समितिहरू गठन गर्न सकिनेछ। यस्तो उपसमितिमा समावेशीताको आधारमा महिला प्रतिनिधित्व सहित ५ जना सम्मको सदस्य संख्या हुनेछ।

**१०. होम स्टे व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,**

(क) पर्यटकीय क्रियाकलापहरू र पर्यटकहरूले पालना गर्नुपर्ने आचार संहिताको बारेमा जानकारी गराउने।

(ख) आगन्तुक पर्यटकहरूको स्वागत तथा पाहुनाको आवास व्यवस्था मिलाउने,

(ग) पर्यटकको दर्ता व्यवस्था गर्ने,

(घ) आय व्ययको श्रेस्ता व्यवस्थित र दुरुस्त राख्ने,

(ङ) प्रत्येक होम स्टेको नियमित अनुगमन गर्ने,

(च) स्थानीय भ्रमण प्याकेजहरूको निर्माण र प्रचार प्रसार गर्ने,

(छ) स्थानीय वातावरण, परम्परा, शैली तथा संस्कृतिको संरक्षण गर्ने,

(ज) सांस्कृतिक कार्यक्रमहरूको प्रदर्शन तथा व्यवस्थापन गर्ने,

(झ) पर्यटकहरूको स्वास्थ्योपचार र अन्य आकस्मिक सेवाहरूको व्यवस्थापन र समन्वय गर्ने,

(ञ) होम स्टेको लोकेसन म्याप तयार गर्ने,

(ट) पर्यटक आवास गृहमा उपलब्ध हुने सुविधा तथा (मेनु) मूल्य निर्धारणमा एकरूपता कायम गर्ने,

(ठ) प्रत्येक आर्थिक बर्ष समाप्त भएको पैतीस दिन भित्र पर्यटक संख्या, प्रमुख क्रियाकलाप आय तथा व्यय देखिने वार्षिक प्रतिवेदन महाशाखा वा कार्यपालिकाको कार्यालयमा पठाउने,

(ड) होम स्टेको विकास, पवर्धन तथा व्यवस्थापनका लागि अन्य आवश्यक कार्यहरू गर्ने।

(ढ) भरतपुर महानगरपालिका, जिल्लास्थित होम स्टे समन्वय समिति, बागमती प्रदेश सरकार पर्यटन तथा संस्कृति मन्त्रालय र केन्द्रमा रहेको पर्यटन मन्त्रालयसँग नियमित सम्पर्क र सञ्चार गर्ने।

(ण) भरतपुर महानगरपालिकाको नियमानुसार अनुसूची-७ बमोजिमको सूचना बोर्ड पर्यटकहरूले देख्ने स्थानमा राख्ने।

(त) होम स्टे विकास प्रवर्धन तथा व्यवस्थापनका लागि अन्य आवश्यक कार्यहरू गर्ने,

**११. सामुदायिक होम स्टे व्यवस्थापन समितिका पदाधिकारीहरूका काम कर्तब्य र अधिकार :**

(१) अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ,

(क) होम स्टे व्यवस्थापन समिति वा साधारण सभाको बैठक बोलाउने।

(ख) साधारण सभा र होम स्टे व्यवस्थापन समितिको बैठकको अध्यक्षता गर्ने।

(ग) साधारण सभाले पारित गरेका निर्णयहरू कार्यन्वयन गराउन समिति र अन्य पदाधिकारीहरूलाई निर्देशन दिने ।

(घ) समिति वा साधारण सभाको मतदान हुँदा मत बरावर भएमा निर्णायक मत दिने ।

(ङ) होम स्टेको लक्ष्य प्राप्तिको लागि संस्थाको हितमा काम गर्ने ।

(च) होम स्टेको चल अचल सम्पत्तिको सुरक्षा र यस कार्यविधिको कार्यन्वयनको व्यवस्था मिलाउने।

(छ) होम स्टे व्यवस्थापन समितिका पदाधिकारी तथा सदस्यहरूको राजीनामा स्वीकृत गर्ने ।

(२) उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ,

(क) अध्यक्षको अनुपस्थितिमा साधारण सभा तथा कार्य समितिको बैठकको अध्यक्षता गर्ने ।

(ख) अध्यक्षको अनुपस्थितिमा कार्यवाहक अध्यक्ष भई काम गर्ने ।

(ग) अध्यक्षले आफ्नो पदबाट दिएको राजीनामा समितिको निर्णय अनुसार स्वीकृत गर्ने ।

(घ) तोकिएका अन्य कार्यहरू गर्ने ।

(३) सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ,

(क) अध्यक्षको सहमति लिई बैठक बोलाउने ।

(ख) बैठकका निर्णयका साथै अन्य कागज पत्र अद्यावधिक गर्ने ।।

(ग) होम स्टेसंग सम्बन्धित आवश्यक पत्राचार गर्ने ।

(घ) कार्यलयका दैनिक प्रशासनिक कार्यहरू गर्ने गराउने ।

(ङ) वार्षिक कार्यक्रम तयार गरी कार्य समिति र साधारण सभामा पेश गर्ने ।

(च) होम स्टेको चलअचल सम्पत्तिको रेखदेख गर्ने ।

(छ) तोकिएका अन्य कार्यहरू गर्ने ।

(४) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ,

(क) होम स्टे व्यवस्थापन समितिको आम्दानी खर्चको लेखा राख्ने र कार्य समितिको बैठकमा जानकारी गराउने ।

(ख) होम स्टे व्यवस्थापन समितिको लेखा परीक्षण गराई साधरण सभामा

प्रतिवेदन पेश गर्ने ।

(ग) होम स्टे व्यवस्थापन समितिको वार्षिक बजेट तयार गरी साधारण सभामा पेश गर्ने ।

(घ) होम स्टे व्यवस्थापन समितिको आर्थिक हित हुने योजना तथा कार्यक्रम तयार गरी पेश गर्ने ।

(ङ) होम स्टे संस्थाको खाता सञ्चालनको ब्यवस्था गर्ने ।

(च) चलअचल सम्पत्तिको अभिलेख राखी रेखदेख गर्ने ।

(छ) तोकिएका अन्य कार्यहरू गर्ने ।

(५) सदस्यहरूको काम, कर्तब्य र अधिकार देहाय वमोजिम हुनेछ,

(क) बैठकमा सहभागी भई आवश्यक निर्णयमा सहयोग गर्ने ।

(ख) होम स्टेको हितमा काम गर्ने ।

(ग) तोकिएका अन्य कार्यहरू गर्ने ।

## परिच्छेद ५
## सामुदायिक होम स्टेको साधारण सभा

### १२. प्रारम्भिक साधारण सभा :

(१) समितिले होम स्टे दर्ता भएको मितिले तीन महिना भित्र होम स्टेको प्रारम्भिक साधारणसभा बोलाउनेछ ।

(२) होम स्टेको कूल सदस्य संख्याको ५१ प्रतिशत सदस्यहरूको उपस्थिति भएमा प्रारम्भिक साधारण सभा सञ्चालन गर्न गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) प्रारम्भिक साधारण सभाले देहायका कार्यहरू गर्नेछ:

(क) सभाको सभापतिको निर्वाचन गर्ने ।

(ख) अघिल्लो दिनसम्मको होम स्टेको काम कारवाहीको हर हिसावको जानकारी लिने ।

(ग) सभामा पेश भएका प्रारम्भिक प्रतिवेदनमाथि छलफल गर्ने र निर्देशन दिने ।

(घ) दफा ९ बमोजिमको समिति र अन्य उपसमितिहरू नियमानुसार चयन गर्ने ।

(ङ) तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

**१३. वार्षिक साधारण सभा :**

(१) होम स्टेको साधरण सभा देहाय बमोजिम हुनुपर्नेछ ।

(क) वार्षिक साधरण सभा

(ख) विशेष साधरण सभा

(२) वार्षिक साधारण सभा सामन्यतया वर्षको १ पटक बस्नेछ । आवश्यकता अनुसार कार्यसमितिले निर्णय गरी बिशेष सभा बोलाउन सक्नेछ ।

(३) नियमित साधारण सभा आर्थिक वर्ष शुरु भएको मितिले तीन महिना भित्र सम्पन्न गरीसक्नु पर्नेछ ।

(४) साधारण सभा बोलाउँदा कम्तीमा १५ दिन अगावै र बिशेष साधारण सभा गर्नका लागि कम्तीमा ७ दिन अगावै सभा हुने ठाँउ, मिति र छलफल गर्ने बिषय खोली सबै सदस्यलाई सूचना दिनुपर्नेछ ।

(५) उपदफा १ बमोजिमको साधारणसभामा दफा १२ को उपदफा २ बमोजिक गणपूरक संख्या नपुगी सभा हुन नसकेमा कम्तिमा ७ दिनको म्याद दिई पुनः साधारण सभा बोलाइने छ। दोश्रो पटक आव्हान गरीएको बैठकमा समेत गणपुरक संख्या उपस्थित नभएमा तेश्रो पटक बैठक बोलाई तेश्रो पटक उपस्थित संख्या नै गणपुरक संख्या मानिनेछ ।

(६) सम्पूर्ण सदस्य संख्याको ५१ प्रतिशतले कारण खोलि लिखित माग गरेमा बिशेष साधारण सभा बोलाउनु पर्नेछ ।

(७) साधारण सभाको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) वार्षिक प्रगति तथा लेखा परीक्षण प्रतिवेदनलाई अनुमोदन गर्ने ।

(ख) वार्षिक कार्यक्रम तथा बजेट पारित गर्ने ।

(ग) कार्य समितिको निर्वाचनको मिति तोक्ने ।

(घ) नेपाल सरकारको मान्यता प्राप्त लेखा परीक्षकको छनौट र पारिश्रमिक निर्धारण गर्ने ।

(ङ) लेखा परीक्षकबाट उठाइएको बेरुजु मिनाहा, असुली तथा नियमित

गर्ने ।

(च) कार्य समितिले निर्माण गरेका नीति नियम तथा निर्देशिकाहरू अनुमोदन गर्ने ।

(छ) संस्थाको बृहत लक्ष्यहरू निर्धारण गर्ने र कार्य समितिलाई कार्यान्वयन गर्न निर्देशन दिने ।

(झ) विनियम संसोधन गर्ने ।

## परिच्छेद-६
## सामुदायिक होम स्टे कोष तथा सो को सञ्चालन

१४. **संस्थाको कोष :** होम स्टेको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिम प्राप्त रकमहरू रहने छन् ।

(क) होम स्टे धनीहरूले आर्जन गर्ने आम्दानीको १० प्रतिशत रकम ।

(ख) सांस्कृतिक समूहले आर्जन गर्ने आम्दानीको १० प्रतिशत रकम ।

(ग) नेचर गाईडले आर्जन गर्ने आम्दानीको १० प्रतिशत रकम ।

(घ) सरकारी तथा गैर सरकारी संस्थाहरूबाट प्राप्त अनुदान सहयोग, पुरस्कार आदि ।

(ङ) दान सहयोग आदिबाट प्राप्त हुने नगद जिन्सी सहयोग ।

(च) सदस्यहरूबाट प्राप्त हुने अन्य सहयोग ।

१५. **सामुदायिक होम स्टेको आम्दानीको खर्च बाँडफाँड :**

(क) व्यवस्थापन खर्च (तलब, मसलन्द, घरभाडा आदि) ४० प्रतिशत

(ख) संरक्षणका लागि यूवा परिचालन तथा सशक्तीकरण २५ प्रतिशत

(ग) आयआर्जन तथा सामाजिक विकास २५ प्रतिशत

(घ) प्रचार प्रसार, मेनु बोर्ड, रेडियो एफ.एम. समन्वय सम्पर्क १० प्रतिशत

१६. **खाता सञ्चालन :** समितिको खाता अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ । प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने ब्यवस्था मिलाउनुपर्नेछ ।

**१७. समितिको लेखा र लेखापरीक्षण :**

(क) समितिको आय ब्ययको लेखा प्रचलित कानून बमोजिम राख्नुपर्ने छ।

(ख) लेखा परीक्षण प्रचलित कानून बमोजिम रजिष्टर्ड लेखा परीक्षकबाट हुनेछ।

(ग) भरतपुर महानगरपालिकाले चाहेमा जुनसुकै बखत पनि समितिको हिसाव किताब जाँच्न वा जँचाउन सक्नेछ।

(घ) लेखा परीक्षकको नियुक्ति बार्षिक साधारण सभाबाट हुनेछ। तर प्रथम वार्षिक साधारण सभा सम्पन्न नभएसम्मका लागी लेखा परीक्षकको नियुक्ति व्यवस्थापन समितिबाट हुनेछ।

(ङ) लेखा परीक्षण प्रतिवेदन र साधरण सभाको विवरण सम्पन्न भएको मितिले १५ दिन भित्र भरतपुर महानगरपालिकामा पेश गर्नुपर्नेछ।

**१८. सांस्कृतिक समूहको आम्दानी बाँडफाँडः**

(१) सांस्कृतिक समूहले पाहुनाहरूलाई परम्परागत सांस्कृतिक नृत्य प्रस्तुत गरे बापत प्राप्त शूल्क मध्ये १० प्रतिशत रकम होम स्टे व्यवस्थापन समितिको कोषमा छुट्याई बाँकी रहन आएको रकमलाई शत प्रतिशत (१०० प्रतिशत) मानी देहाय वमोजिमको प्रतिशतको रकम देहाय वमोजिमका खर्च गरिनेछ।

(क) सांस्कृतिक समूहको पोशाक तथा गरगहना: २५ प्रतिशत

(ख) साँस्कृतीक समूहका सदस्यहरूको पारिश्रमिक वापत : ७५ प्रतिशत

(२) उपदफा (१) बमोजिमका कोषहरूमा जम्मा भएको रकम भरतपुर महानगरपालिका स्थित स्थानीय बैंकमा खाता खोली जम्मा गरिनेछ।

(३) उपदफा (१) बमोजिमका कोषको उपयोग गर्नुपूर्व उपसमितिले निर्णय गरि सोको लिखित जानकारी सांस्कृतिक समूहलाई दिनु पर्नेछ, सांस्कृतिक समूहको लिखित सहमति पश्चात मात्र सो रकम खर्च गरिनेछ।

**१९. नवीकरण :**

(१) देहाय बमोजिमको कागजात संलग्न गरी प्रत्येक आर्थिक वर्षमा होम स्टे नवीकरणको लागि भरतपुर महानगरपालिका नगरकार्यपालिकाको कार्यालयमा तोकिएको शुल्क बुझाई अनुसूची ५ बमोजिमको ढाँचामा निवदेन दिनुपर्नेछ।

(क) पछिल्लो आर्थिक वर्षको आय व्यय र होम स्टेले प्रदान गरेको सेवा सुविधा र पर्यटकहरूको लगत तथा विवरण।

(ख) सामुदायिक होम स्टेको हकमा न्यूनतम ५ देखि अधिकतम २५ घरधुरीले हाल नियमित रूपमा होम स्टे सञ्चालन भए नभएको विषय समेत खुलाई अनुसूची ६ बमोजिमको ढाँचामा व्यवस्थापन समितिको प्रतिवेदन।

(ग) पछिल्लो आर्थिक वर्षको करचुक्ता भई आन्तरिक राजश्व कार्यालयबाट जारी भएको करचुक्ता प्रमाणपत्र।

**२०. प्रचार प्रसार तथा बजारीकरण :** होम स्टेको होर्डिङ्ग बोर्ड, साइनबोर्ड, ब्रोसियर, पोष्टर, मोवाईल एप्स जस्ता प्रचार प्रसारका सामग्रीहरूको उत्पादन, वेभसाइट, पत्रपत्रिका, रेडियो, टेलिभिजन, उत्सव, मेला, महोत्सव, गैरआवासीय नेपालीसँगको सहकार्य, टुर अपरेटर तथा पत्रकारहरूलाई परिचयात्मक भ्रमण, भ्रमण प्याकेजको निर्माण तथा विक्री प्रबर्धन जस्ता कृयाकलाप नेपाल पर्यटन बोर्ड तथा निजी क्षेत्रका ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीसँग सहकार्य गरी होम स्टेको प्रचार प्रसार तथा बजारीकरण गर्नेछ।

## परिच्छेद -७

## आगन्तुकहरूको लागी आचार सहिंता (Code of conduct for the visitors)

**२१.** होम स्टेमा आउनुहुने महानुभावहरूले निम्न लिखित आचार संहिताको अनिवार्य पालना गर्नुपर्नेछ।

The homestay visitors are expected to abide by the following code of conducts compulsorily.

(१) होम स्टे व्यवस्थापक संग नभएका खानेकुराहरू, पेय पदार्थहरू तथा अन्य नभएका सुविधाहरूको माग गर्नु हुँदैन।

Do not order to the owner for food, beverage and other facilities which are not available at home stay.

(२) स्थानीय जनताहरूको घर भित्र वा बाहिर वा समुदायमा बाधा पुग्ने कार्य गर्नु हुदैन।

Do not disturb and interrupt the local people at home or outside.

(३) सञ्चालक र स्थानीय बासिन्दाहरूको योग्यता एंव क्षमता भन्दा बाहिरको कुनै पनि कुराहरू अपेक्षा गर्नु हुँदैन।

Do not expect anything to the people beyond owner's and local's capacity.

(४) स्थानीय जनता वा समुदायलाई असर पार्ने खालका अमानवीय गतिबिधिहरू, जस्तैः यौनजन्य दुर्व्यवहार, बालबच्चा बेचबिखन, महिला दुर्व्यवहार आदि कार्यहरू गर्नु हुँदैन।

Don't do any inhumane activities which affect other local people and community including sexual harassment, child trafficking, gender violence etc.)

(५) स्थानीय जन समुदायहरूको कला, संस्कृति र संस्कार तथा धार्मिक गतिबिधिहरूको सदैव सम्मान गर्नु पर्दछ।

Always respect the art, rites and rituals and religious activities related to the local people and community.

(६) अमानवीय क्रियाकलाप वा अवैध गतिबिधि गर्नलाई घर मालिक वा स्थानीय जनतालाई दबाव दिनु वा उक्साउनु हुँदैन। घरायसी समय तालिका अनुसार आउने जाने व्यवस्थाको ख्याल गर्नुपर्छ।

Do not push or exaggerate the owner or local people to perform the inhumane, illegal and impermissible activities. Please, be aware of the timetable for entrance and exit that has already been fixed.

(७) सम्बन्धित बसोबास गरेको घर भित्र वा बाहिर अवैध लागू औषधको प्रयोग, सेवन, कारोबार आदि कार्यमा संलग्न हुनु हुँदैन किनकी यस्ता गतिबिधिहरू कानुनद्वारा बर्जित गरिएका हुन्छन्।

Do not involve in consumption and supply of narcotics or other any forms of psychotropic drugs at the related home or outside which are strictly prohibited by law.

(८) स्थानीय पर्यावरण, वातावरण आदिको सदैव सम्मान गर्नु पर्दछ।
Respect to the bio-diversity and ecology of the environment.

.................. होम स्टे व्यवस्थापन समिति,
भरतपुर महानगरपालिका, वडा नं. ......... चितवन।
............... Home Stay Management Committee,
Bharatpur Metropolitan City, Ward No. …….. Chitwan,

## परिच्छेद-८
## अनुगमन र नियमनः

२२. महानगरपालिकाभित्र सञ्चालनमा आएका होम स्टे लाई नियमन र व्यवस्थापनका लागी देहाय बमोजिमको महानगरस्तरीय एक होम स्टे अनुगमन समिति गठन गरिने छ।

(क) नगर उपप्रमुख - संयोजक
(ख) आर्थिक विकास महाशाखा प्रमुख - सदस्य
(ग) सम्बन्धित वडाका वडा अध्यक्ष - सदस्य
(घ) नगर प्रमुखले तोकेको (१ जना महिला सहित) २ जना कार्यापालिका सदस्य - सदस्य
(ङ) प्रमुख प्रशासकीय अधिकृतले तोकेको १ जना पर्यटन विज्ञ - सदस्य
(च) संस्कृति, पर्यटन तथा सम्पदा संरक्षण शाखा प्रमुख - सदस्य सचिव

**२३. अनुगमन समितिको काम कर्तव्य र अधिकारः**

(१) महानगर स्तरीय अनुगमन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) सञ्चालनमा रहेका होम स्टेको कार्यविधिमा तोकिएको मापदण्ड पालना गरेको छ, छैन भन्ने सम्बन्धमा अनुगमन गरी प्रतिवेदन पेश गर्ने ।

(ख) आचारसंहिता कडाइका साथ लागू गर्न निर्देशन दिने ।

(ग) आगन्तुकको अभिलेख लगायतका अन्य आवश्यक व्यहोरा जाँच गर्ने ।

(घ) होम स्टे प्रवर्धनका लागि गर्न सकिने प्रवर्द्धनात्मक कार्यहरूको सूची तयार पारी महानगरपालिकामा पेश गर्ने ।

(ङ) सामुदायिक होम स्टे सञ्चालनका लागि आबद्ध भएका घर धुरीको संख्या थपघटका लागि अनुगमन गरी महानगरपालिका समक्ष सिफारिस गर्ने ।

(च) महानगरपालिकाले दिएका निर्देशन बमोजिम अन्य कार्यहरू गर्ने ।

## परिच्छेद- ९
## दण्ड र जरीवाना सम्बन्धी व्यवस्था

**२४.** होम स्टे सञ्चालकले यस ऐन विपरीतको कार्य गरी गराई होम स्टे सञ्चालन गरेको पाइएमा अनुगमन समितिले दिएको प्रतिवेदनको आधारमा देहाय बमोजिमको दण्ड जरिवाना हुनेछ।

(क) मापदण्ड बिपरित सञ्चालन गरिएको पाइएमा अनुगमन समितिको प्रतिवेदनको आधारमा पहिलो पटक लिखित रूपमा सचेत गराउने वा रु.५,०००/- (पाँच हजार) सम्म जरिवाना गराउन सकिनेछ ।

(ख) अनुगमनका क्रममा पुन: मापदण्ड बिपरित सञ्चालन गरिएको पाइएमा अनुगमन समितिको प्रतिवेदनको आधारमा दोस्रो पटकका लागि रु १०,००० (दश हजार) सम्म जरिवानाका साथै लिखितरूपमा समेत सचेत गराइनेछ ।

(ग) तेस्रो पटक पनि पुन: मापदण्ड विपरित सञ्चालन गरेको पाइएमा रु. १५,००० (पन्ध्र हजार) जरिवाना र होम स्टे दर्ता खारेजी समेत हुन सक्ने व्यहोराको लिखित रूपमा अन्तिम चेतावनी प्रदान गरिनेछ ।

(घ) त्यसै गरी चौथौपटक पनि पुन: सोही प्रक्रिया दोहोर्‍याएको पाइएमा दर्ता

खारेजी गरिनेछ ।

(ङ) होम स्टे सञ्चालकले सेवाग्राहीबाट अनुचित लाभ लिने, करकापमा पार्ने वा कानूनले वर्जित गरेका क्रियाकलाप गर्ने गराउने गरेको पाइएमा प्रचलित कानुन बमोजिम कारवाही हुनेछ ।

(च) होम स्टेमा बसेका पाहुनाहरूका सामाग्रीहरूको समुचित सुरक्षा व्यवस्थापन गर्नुपर्नेछ । होम स्टे सञ्चालकको लापरवाहीबाट पाहुनाको महत्वपुर्ण सम्पत्ति क्षति भएको भन्ने प्रमाणित भएमा सोको उचित क्षतिपूर्ति तिर्नुपर्नेछ।

## परिच्छेद -१०
## विविध

२५. **बीमा :** होम स्टेमा ट्राभल एजेन्सी मार्फत आउने पर्यटकको बीमा गराउने जिम्मेवारी सम्बन्धित ट्राभल एजेन्सीको हुनेछ । व्यक्तिगत रूपमा आउने पर्यटकको हकमा बीमा गर्ने जिम्मेवारी सम्बन्धित पर्यटकको नै हुनेछ ।

२६. **विदेशी मुद्राको कारोबार :** होम स्टे सञ्चालन गर्ने सञ्चालकले प्रचलित नेपाल कानून बमोजिम नेपाल राष्ट्र बैङ्कको पूर्व स्वीकृति लिएर मात्र विदेशी मुद्राको कारोवार गर्नुपर्नेछ ।

२७. **तालिम सम्वन्धी व्यवस्था :** होम स्टे सञ्चालन सम्बन्धि आधारभूत तालिम नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रशिक्षण प्रतिष्ठान लगायत अन्य स्वीकृत प्राप्त तालिम केन्द्रहरूबाट गरिनेछ ।

२८. **सुरक्षा प्रबन्ध मिलाउनु पर्ने** :

(१) होम स्टेमा बसोबास गर्ने आगन्तुकको नेपाल सरकारबाट जारी भएको आधिकारिक परिचयपत्रको आधारमा स्पष्ट परिचय खुल्ने गरी नाम, ठेगाना र सम्पर्क नम्बर सहितको अभिलेख कायम गर्नुपर्नेछ र बिदेशी पर्यटकको हकमा समेत यो प्रावधान लागू हुनेछ ।

(२) होम स्टेमा बसोबास गर्ने पर्यटकको सुरक्षाका लागि नजिकको प्रहरी कार्यालयसँग समन्वय गरी दोहोरो सञ्चारको बन्दोबस्त मिलाउनु

पर्नेछ।आवश्यकता अनुसार पर्यटक प्रहरीसँग समेत समन्वय गर्नुपर्नेछ।

(३) होम स्टेमा बसोबास गर्न आउने स्वदेशी वा बिदेशी नागरिकको सामान्य स्वास्थ्य अवस्थाको अभिलेख राखी दीर्घरोगी रहेको पाइएमा सोही अनुसारको स्वास्थ्य बन्दोबस्त मिलाउनु पर्नेछ । आकस्मिक उपचार आवश्यक पर्ने भएमा नजिक उपलब्ध भएको एम्बुलेन्सको फोन नम्बर सबैले देख्ने गरी टाँस गर्नुपर्नेछ।

**२९. होम स्टे प्रवर्धनात्मक कार्यक्रम**: भतरपुर महानगरपालिकाले महानगर भित्र आन्तरिक तथा बाह्य पर्यटन प्रवर्धनका लागि होम स्टे प्रवर्धनात्मक कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

**३०. नियमावली, मापदण्ड तथा निर्देशिका बनाउने अधिकारः** यस ऐनको प्रभावकारी कार्यान्वयनका लागि आवश्यकतानुसार नियमावली, निर्देशिका तथा मापदण्ड बनाउन सकिनेछ।

**३१. बाधा अड्काउ फुकाउ** :

(१) भरतपुर महानगरपालिकाको नगर सभाबाट आवश्यकतानुसार यस ऐनमा कानुन बमोजिम संशोधन तथा परिमार्जन गर्न सकिनेछ।

(२) प्रचलित कानुनसँग बाझिन गएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

(३) यसमा उल्लेखित बिषयहरू यसै बमोजिम हुनेछ भने यसमा उल्लेख नभएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

(४) यस ऐनमा उल्लिखित विषयहरू कार्यान्वयन गर्न गराउन सरोकारवाला सवैको दायित्व रहनेछ।

## अनुसूची-१
## (दफा ६ को उपदफा (१) सँग सम्बन्धित)
## होम स्टे दर्ताका लागि दिइने निवेदन

श्री भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
भरतपुर, चितवन।

म/हामीहरूले जिल्ला.................. भरतपुर महानगरपालिकाको वडा नं....... टोल/गाउँ..............................मा सञ्चालन गर्न लागेको .........................होम स्टेलाई भरतपुर महानगरपालिकाको होम स्टे (घरवास)सञ्चालन तथा व्यवस्थापन (कार्यविधि सम्वन्धी) ऐन, २०८२ को अधीनमा रही होम स्टे सञ्चालन गर्नेगरी सामुदायिक/नीजि होम स्टेको रूपमा दर्ता गरी पाउन देहाय बमोजिमका कागजातहरू यसैसाथ संलग्न गरी निवेदन गर्दछु/गर्दछौँ।

**संलग्न कागजातः**

१) होम स्टे सञ्चालन गर्ने निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी

२) होम स्टे सञ्चालन गर्ने प्रत्येक घरधनीको जग्गा धनी प्रमाणपत्रको प्रतिलिपि

३) होम स्टे सञ्चालन गर्ने घरको निर्माण सम्पन्न प्रमाण पत्र। पुरानो घरको हकमा घर नक्कशा अभिलेखीकरण प्रमाणपत्र साथै भाडामा लिएको भए घर धनिसँग गरिएको सम्झौताको प्रतिलिपि।

४. होम स्टे सञ्चालन गर्ने जग्गाको चालु आ.व.को सम्पत्ति कर तिरेको रसिद।

३. प्रत्येक घरधनीले होम स्टे सञ्चालन गर्न मञ्जुर गरेको कागजात सहित होम स्टे व्यवस्थापन समितिको निर्णयको प्रतिलिपी।

४. व्यवस्थापन समिति गठन तथा दर्ता गर्ने सम्बन्धी स्थानीय भेलाको निर्णय।

५. सम्वन्धित वडाको सिफारिस।

६. आधारभूत प्रशिक्षण लिएको भए सोको प्रमाणपत्रको प्रतिलिपि

**निवेदक**

नामथरः

ठेगानाः

मितिः

सम्पर्क मोबाइल नम्बर:

इमेल:

## अनुसूची-२

**(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)**

**होम स्टे सञ्चालनका आधारभूत मापदण्डहरूः**

**१. होम स्टेका लागि घर, कोठा र शैयाः**

(क) सहज पहुँचका लागि बाटाको प्रबन्ध भएको, घरहरू मौलिक सँस्कृति झल्कने र हावाहुरी, जंगली जनावर आदिबाट सुरक्षित हुनुपर्ने, खुला, हिलो तथा धुलो रहित सफासुग्घर हुनुपर्ने छ।

(ख) होम स्टेमा पाहुनाका लागि कम्तिमा एउटा अलग्गै कोठा हुनु पर्नेछ र आवतजावत गर्ने ढोका कम्तिमा ६.५ फिटको हुनुपर्नेछ।

(ग) होम स्टे सञ्चालन गर्ने एक घरमा बढीमा ४ कोठा पर्यटकका लागि छुट्याउन सकिनेछ।

(घ) एउटा कोठमा बढीमा २ ओटा मात्रै ओछ्यान रहनुपर्ने छ। ओछ्यान कम्तीमा ६.५ फीट लम्बाई र ३ फीट चौडाइको हुनुपर्नेछ।

(ङ) भुँइमा कार्पेट वा राडी वा सफा गुन्द्री ओछ्याइएको हुनुपर्नेछ।

(च) ढोकामा पुछने बोरा वा डोरम्याट भएको हुनुपर्नेछ।

(छ) नरम खालको सेतो तन्ना भएका र सेतै खोल भएका आढ्नेको व्यवस्था हुनुपर्नेछ।

(ज) भित्तामा वा ढोकाको पछाडिपट्टी लुगा झुण्ड्याउने व्यवस्था भएको हुनुपर्नेछ।

(झ) कोठामा बिजुली बत्ती एवं आवश्यकतानुसार लाल्टिन वा मैन वा टुकी पानस बाल्ने समेतको व्यवस्था हुनुपर्नेछ। साथै मौसम अनुसार वातानुकूलितका लागि कुलर, पंखा वा एसीको व्यवस्था गर्न सकिनेछ।

(ञ) सुत्ने कोठमा धुवाँ आउन नहुने।

(ट) सुत्ने कोठामा राम्रा राम्रा दृश्य र स्थानीय संस्कृति झल्कने तस्बिरहरू राख्न प्राथमिकता दिनुपर्दछ।

(ठ) फोहोर फाल्ने एउटा टोकरी (डस्टवीन) को व्यवस्था हुनुपर्ने ।

(ड) प्रत्येक पाहुनका लागि एक जोर चप्पल (स्लीपर) को व्यवस्था हुनुपर्नेछ ।

(ढ) भित्तामा एउटा अर्धकद (आधा शरीर) देखिने ठूलो ऐना र भित्ते पात्रो झुण्ड्याइएको हुनुपर्नेछ।

(ण) कोठामा टि टेबल र २ वटा कुर्सी राख्न सकिनेछ।

(त) प्रत्येक कोठाहरूमा तथा घरको अग्र भागमा परिच्छेद-७ दफा २१ बमोजिमको आगन्तुकहरूको लागि आचार सहिंता (Code of conduct for the visitors) अंग्रेजी र नेपाली भाषामा प्रष्ट बुझिनेगरी लेखी सवैले देख्ने गरी राख्नुपर्नेछ।

**२. शौचालय र स्नानघरः**

(क) सुविधायुक्त र सफा शौचालय हुनुपर्नेछ ।

(ख) होम स्टे सञ्चालन गर्ने घर वा समुदायमा नुहाउने प्रवन्ध (छुट्टै बाथरुम वा कम्तीमा छेकिएर नुहाउन सकिने सुविधा युक्त ठाउँ) ।

(ग) स्नानघरमा पानीको बाल्टी, मग, साबुन, रुमाल आदि आधारभूत वस्तुहरू हुनुपर्नेछ ।

**३. भान्छा कोठा र खाना खाने व्यवस्थाः**

(क) पाहुना राख्ने घर/कोठा नजिक गाई, भैंसी अथवा भेडाबाख्रा, सुँगुर, कुखुरा आदि बाध्न वा पाल्न नहुने ।

(ख) धैरै धुवाँ नहुने भान्सा (गोबर ग्याँस, उन्नत वा सुधारिएको चुलो) भएको ।

(ग) पानीको सुविधा मिलाउनुपर्ने र खानेपानी फिल्टर गरेर वा उमालेर मात्र दिने ।

(घ) स्थानीय खानाका परिकारहरूलाई स्वस्थ्यकर ढङ्गले पकाउने र खुवाउने प्रवन्ध हुनुपर्ने ।

(ङ) पाहुनाहरूलाई राम्रोसँग पलेटी कसेर बसेर खाना मिल्ने ठाउँ हुनुपर्ने ।

(च) आवश्यकतानुसार पाहुनाहरूलाई डाइनिङ टेबलको पनि प्रबन्ध गर्नुपर्ने ।

(छ) खानको विवरण तथा मूल्य निर्धारण गरिएको (समितिले प्रमाणित गरेको मेनु) हुनुपर्ने।

**४. स्वास्थ्य, सरसफाई, वातावरण संरक्षण तथा सुरक्षाः**

(क) बास वस्ने कोठा तथा सुत्ने विस्तारामा सर्प, किरा, लामखुट्टे, उडुस उपिँया, साङ्ला, मुसा आदिबाट सुरक्षित हुनु पर्नेछ । दुर्गन्ध वा गाई भैँसीको गोठबाट टाढा हुनुपर्नेछ ।

(ख) सामुदायिक रूपमा प्राथमिक उपचारको व्यवस्था हुनुपर्ने, खुल्ला नाली र ढल नभएको हुन पर्ने ।

(ग) वातावरण मैत्री कृषि, पर्यटन क्रियाकलाप, पर्यटकीय सम्पदाहरूको संरक्षण, सार्वजनिक शौचालयको व्यवस्था, फूलबारी र वृक्षारोपण गरि हरियाली हुनु पर्ने छ ।

## अनुसूची -३

(दफा ६ को उपदफा (३) संग सम्बन्धित)

**भरतपुर महानगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल**

प्रमाणपत्र संख्याः ............. मितिः .....................

दर्ता नं.: ...........................

### होम स्टे सञ्चालन प्रमाणपत्र

श्री ..........................................,

.....................................................................

................ लाई भरतपुर महानगरपालिकाको होम स्टे सञ्चालन तथा व्यवस्थापन (कार्यविधि सम्वन्धी) ऐन, २०८२ बमोजिम सामुदायिक / नीजि होम स्टेका रूपमा दर्ता/ नवीकरण गरी प्रचलित कानूनको अधीनमा रही होम स्टे सञ्चालन गर्न यो प्रमाणपत्र प्रदान गरिएको छ।

(१) सञ्चालकको नाम :..........................................

(२) ठेगाना :.........................................................

(३) होम स्टे सञ्चालन हुने स्थान :.............................

(४) वर्ग :...............................................................

**शर्तहरू:**

(क) व्यवस्थापन समितिसँग समन्वय गरी पर्यटकहरूलाई बसोबासको व्यवस्था गर्नुपर्नेछ।

(ख) चलन चल्तीको वा निर्धारित मूल्य भन्दा बढी मूल्य लिनु हुँदैन।

(ग) स्थानीय सामाजिक सांस्कृतिक वातावरणलाई असर पर्ने खालका क्रियाकलापहरू गर्नु गराउनु हुँदैन।

(घ) प्रमाणपत्र तथा अनुसूची ४ बमोजिमको आचार संहिता सबैले देख्ने स्थानमा राख्नु पर्नेछ।

(ङ) व्यवस्थापन समिति सँग समन्वय गरी प्रत्येक वर्ष प्रतिवेदन बुझाउनु पर्नेछ।

(च) यो प्रमाणपत्र नियमानुसार प्रत्येक आर्थिक वर्षमा नवीकरण गराउनु पर्नेछ।

**अनुमतिपत्र प्रदान गर्ने अधिकृत**

नाम : ...................................

दर्जा : ...................................

दस्तखत : ..............................

मिति : ...................................

## अनुसूची ४

(दफा १९ को उपदफा (१) संग सम्बन्धित)

होम स्टे नवीकरणका लागि दिइने निवेदन

मितिः........................

**विषयः होम स्टे नवीकरण गरीदिनुहुन ।**

श्री भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
भरतपुर, चितवन ।

महोदय,

मेरो/हाम्रो नाममा रहेको ................................................................ नामको होम स्टे दर्ता नं. ........................... को नियमानुसार नवीकरण गरिदिनुहुन आवश्यक कागजातहरू यसैसाथ संलग्न राखी पेश गरिएको छ ।

निवेदकः
होम स्टे सञ्चालकको
नाम/थरः ................................
ठेगानाः ..................................
दस्तखतः ................................

## अनुसूची ५

### (दफा १९ को उपदफा (१) खण्ड (ख) संग सम्बन्धित)

व्यवस्थापन समितिको आ.व ................ को वार्षिक प्रगति प्रतिवेदन

श्री भरतपुर महानगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
भरतपुर, चितवन ।
होम स्टेको नामः ..................................
सञ्चालन भएको स्थान................................. जिल्लाः..................................
गा.पा./न.पा....................................... टोलः..............................................
सामुदायिक होम स्टे भए आबद्ध संख्याः................. दर्ता मितिः...........................
अन्य व्यहोरा केही भए खुलाउनेः

**१. पर्यटक आवागमन संख्या र आय विवरणः**

| सि. नं. | महिना | पर्यटक संख्या | प्रमुख क्रियाकलाप | प्रमुख मुलुकहरू | मासिक आय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| **जम्मा** | | | | | | |

(खानपान, बास, दृश्यावलोकन, हाईकिङ, सांस्कृतिक कार्यक्रम, परम्परागत खेलमा सहभागी गराउने, जंगल ट्रेक, ईकोट्रेक, ईत्यादि)

२. होम स्टे मार्फत पुर्याईएको सेवा सुविधा......................

३. प्रचार प्रसार गराईएको विवरणः..........................

४. आय व्ययको वार्षिक लेखापरीक्षण भएको प्रतिवेदनको विवरण

प्रतिवेदकः
नामथरः........................................ पदः..................................................
ठेगानाः.......................................... मितिः.................................................
मोवाइल नं...................................... ईमेलः ..............................................
वेभसाइट........................................

## अनुसूची ६
## (दफा १० को खण्ड (ण) सँग सम्बन्धित)
## होम स्टे सञ्चालकले राख्नुपर्ने बोर्डको ढाँचा

पहेलो पृष्ठभुमीमा कालो अक्षर र साइज कम्तिमा ३×४ को हुनुपर्नेछ। नियमानुसार डिजिटल बोर्ड समेत राख्न सकिनेछ।

होम स्टेको नामः

सञ्चालकको नामः

ठेगानाः

दर्ता नं.:

स्थायी लेखा नम्बर:

फोन नं.:

ई–मेलः

## अनुसूची - ७
## होम स्टे को लेटर प्याडको नमुना

............................... होम स्टे

भरतपुर महानगरपालिका, वडा नं......., चितवन।

पत्र संख्या :

चलानी नं. : मिति ..........................

विषयः .....................................................

महोदय,

..................................................................................

..................................................................................

..............................

सञ्चालकको हस्ताक्षर

## अनुसूची -८

## .................. होम स्टे सञ्चालक समिति र अन्य उपसमिति

## भरतपुर महानगरपालिका, चितवन

**मूल समितिः**

१. सञ्चालक समिति

| क्र.सं. | पद | नामथर | सम्पर्क | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | अध्यक्ष | | | |
| २ | उपाध्यक्ष | | | |
| ३ | सचिव | | | |
| ४ | कोषाध्यक्ष | | | |
| ५ | सदस्य | | | |
| ६ | सदस्य | | | |
| ७ | सदस्य | | | |
| ८ | सदस्य | | | |
| ९ | सदस्य | | | |

### उपसमितिहरू

क) सांस्कृतिक उपसमिति

| क्र.सं. | पद | नामथर | सम्पर्क | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | संयोजक | | | |
| २ | सदस्य | | | |
| ३ | सदस्य | | | |

ख) स्वागत तथा बिदाई उपसमिति

| क्र.सं. | पद | नामथर | सम्पर्क | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | संयोजक | | | |
| २ | सदस्य | | | |
| ३ | सदस्य | | | |

ग) सरसफाई तथा वातावरण संरक्षण उपसमिति

| क्र.सं. | पद | नामथर | सम्पर्क | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | संयोजक | | | |
| २ | सदस्य | | | |
| ३ | सदस्य | | | |

घ) अनुगमन उपसमिति

| क्र.सं. | पद | नामथर | सम्पर्क | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | संयोजक | | | |
| २ | सदस्य | | | |
| ३ | सदस्य | | | |

ङ) सल्लाहकार समिति

| क्र.सं. | पद | नामथर | सम्पर्क | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

होम स्टेको चार किल्ला

पूर्वः

पश्चिम:

उत्तर:

दक्षिण:

होम स्टेको घर नम्बरहरू र पहिचान

| क्र. सं. | होम स्टे दर्ता नम्बर | सञ्चालकको नाम थर | पहिचान | सम्पर्क नं | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |

होम स्टेमा उपलब्ध हुनसक्ने स्थानीय खानका परिकारहरूः

**खाजा/नास्ताः**

१. ....................................

२. ....................................

३. ....................................

४. ....................................

**खाना**

१. ....................................

२. ...................................

३. ....................................

४. ...................................

५. ....................................

**अन्य बिशेष स्थानीय र रैथाने परिकार**

१. ....................................

२. ...................................

३. ....................................

**आकर्षणहरूः**

क) संस्कृतिः

१. ....................................

२. ...................................

३. ....................................

ख) प्राकृतिक अवलोकन तथा मनोरञ्जन

१) ........................

२) ........................

३).........................

---

आज्ञाले,

**वीरेन्द्रदेव भारती**

प्रमुख प्रशासकीय अधिकृत